



- ✓ राष्ट्रिय, क्षेत्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने व्यापार नीति सम्बन्धी कार्यक्रमहरुमा महिला उद्यमीहरुका सवालहरुबारे छलफल हुने वातावरणको सुनिश्चितताका लागि महिला उद्यमी महासंघलगायत उद्योग मन्त्रालय, वाणिज्य मन्त्रालय र निजी क्षेत्रका वार्षिक कार्यक्रमहरु समेत लैङ्गिक मैत्री बनाईनु पर्दछ ।
- ✓ महिलाद्वारा सञ्चालित निर्यातमुखी व्यापार/व्यवसायहरुलाई प्राथमिकताका साथ प्रवर्द्धन गरिनु पर्दछ ।
- ✓ सार्क (SAARC) राष्ट्रहरु बीच आयात तथा निर्यात प्रक्रियालाई थप सरलीकृत गरिनु पर्दछ ।
- ✓ नेपाली व्यवसायीहरु तथा विदेश स्थित नेपाली नियोगहरुले अन्तर्राष्ट्रिय बजार खोजी तथा सम्भाव्यता र विस्तारमा सहयोग गर्नुपर्ने एवं नेपाली महिलाहरुद्वारा उत्पादित वस्तुहरुको बजार प्रवर्द्धनका लागि महासंघको समेत सहभागितामा व्यापार प्रवर्द्धन मेलाहरु आयोजना गरिनु पर्दछ ।
- ✓ एक जिल्ला एक उत्पादन कार्यक्रममा कम्तीमा पनि ५० प्रतिशत महिलाहरुको सहभागिताको सुनिश्चितता तथा महिला मैत्री उद्योग व्यवसायको पहिचान सहित एक जिल्ला एक उत्पादन कार्यक्रम देशभर अभियानको रुपमा संचालन गर्न सरकारले पर्याप्त बजेटको व्यवस्था गर्नु पर्दछ ।
- ✓ महिला निर्यातकर्ताहरुका लागि व्यापार/व्यवसायसम्बन्धी सूचनाहरु नियमित एवं थप पारदर्शीरुपमा वितरण गरिनु पर्दछ।
- ✓ व्यापार नीति, २०६५ लाई लैङ्गिक मैत्री दृष्टिकोणबाट पुनरावलोकन गरी व्यापार सम्बन्धी क्रियाकलापहरुमा महिलाहरुको समान तथा निष्पक्ष सहभागिताको सुनिश्चितता गरिनु पर्दछ ।

### ४. महिलाको वित्तीय स्रोतमा सहज पहुँचका लागि गरिएका सिफारिसहरु :

- ✓ महिला उद्यमीहरुद्वारा उत्पादित वस्तु तथा उद्योग/व्यवसायको कर एवं भ्याटको दायरामा विशेष सुविधा एवं छुटको व्यवस्था हुनुपर्छ ।
- ✓ महिला उद्यमीहरुद्वारा सञ्चालित निर्यात व्यवसायहरुमा २% कर छुटको सहुलियत दिईनु पर्दछ ।
- ✓ साना उद्यमीहरुसँगको PAN Bill को लागि सरल प्रक्रिया निर्धारण गरी कार्यान्वयन गरिनु पर्दछ भने कृषिजन्य उत्पादनमा VAT मा छुटको व्यवस्था हुनुपर्दछ ।
- ✓ स्थानीय निकायको वार्षिक योजनामा उद्यमशीलता विकासका लागि छुट्टै तथा पर्याप्त बजेट विनियोजन गर्नुपर्दछ ।
- ✓ उत्पादनको प्रकृति र क्षमता एवंउद्योग संचालन भएको स्थानका आधारमा साना तथा ठूला उद्योगहरुबीचको न्यूनतम तलव तथा ज्याला फरक ढंगबाट निर्धारण हुनुपर्दछ ।
- ✓ प्रारम्भमा महिला उद्यमीहरुलाई सहजीकरण गर्न छुट्टै सहयोग डेस्कको व्यवस्थालाई अनिवार्य गर्दै सरकारी एवं निजीवित्तीय संस्थाहरुको वित्तीय सेवा प्रवाहलाई महिला मैत्री बनाईनु पर्दछ ।

* छपाईको सहयोग युएन वुमनबाट, पौष २०७०

**सम्पर्क ठेगाना:**

महिला उद्यमी महासंघ, नेपाल
रामशाह पथ, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-२००३०८०, फ्याक्स नं. ९७७-१-४२३९९४२
ईमेल: fwean.info@gmail.com
वेबसाईट: www.fwean.org.np

FWEAN

**महिला उद्यमी महासंघ, नेपाल**

Federation of Women Entrepreneurs' Association Nepal

WORKING TOGETHER FOR SOCIO ECONOMIC TRANSFORMATION

# उद्यमशीलता मार्फत महिलाहरुको आर्थिक सशक्तीकरणका लागि प्रस्ताव

केन्द्रिय तथ्याङ्क विभागद्वारा प्रकाशित राष्ट्रिय जनगणना, २०६८ को प्रतिवेदन अनुसार नेपालको कूल जनसंख्या मध्ये ५१.५०% संख्या महिलाहरुको रहेको छ । उक्त प्रतिवेदनमा नेपाली महिलाको साक्षरता दर ५७.४% रहेको,कूल घरधूरीमध्य १९.७१% घर परिवारमा मात्रै महिलाको नाममा घर वाजग्गा रहेको र २५.७३% घरधूरीमा महिला घरमूली रहेको तथ्यउल्लेख गरिएको छ । यसले नेपाली समाजमा अझै पनि लैङ्गिक विभेद कायमै रहेको तथ्यलाई पुष्टि गर्दछ । राज्यका प्रत्येक अङ्गमा महिलाहरुका लागि ३३ प्रतिशत सिट आरक्षण गर्ने नेपाल सरकारको प्रतिवद्धता रहेको भएतापनिमहिलाहरुको सहभागिता अवस्था अत्यन्त नाजुक अवस्थामा अर्थात १% भन्दा पनि कम रहेको पाईएको छ ।

सन् १९८९ मा स्थापना भएको महिला उद्यमी संघको शीर्ष निकायको रुपमा महिला उद्यमी महासंघको स्थापना सन् २००३ मा भएको हो। नेपालभर छरिएर रहेका महिला उद्यमीहरुको छाता संगठनको रुपमा ७५ वटै जिल्लाहरुमा आफ्नो शाखा विस्तारको कार्यलाई तिव्रता दिदै आएको छ । महिला उद्यमीहरुलाई प्रतिनिधित्व गर्दै उनीहरुका आवाजहरुलाई संगठितरुपमा मुखरित गर्ने साझाथलोको रुपमा रहेको महासंघ एक गैरनाफामूलक संस्था हो । राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा हुने नीतिनिर्माण एवं निर्णय प्रक्रियामा महिला उद्यमीहरुका हक अधिकारहरुको सुनिश्चितताका लागि महासंघले उनीहरुका विविध सवाल एवं सरोकारहरु प्रति सशक्त ढंगबाट वकालत गर्दै आईरहेको छ ।


नेपालमा भएको पछिल्लो राजनीतिक परिवर्तनको क्रममा प्रमुख राजनीतिक दलहरुले संविधान निर्माण कार्य जत्तिकै महत्व आर्थिक वृद्धिलाई पनि दिएका छन् । यस अर्थमा महिलाहरुको उद्यमशीलता विकासको प्रवर्द्धनका लागि राष्ट्रव्यापी अभियान सञ्चालन गर्ने उपयुक्त समय आएको छ । यस अभियानले मूलत: निम्न दुईवटा उद्देश्यहरु हासिल गर्न प्रमुख भूमिका निर्वाह गर्नेछ -

- नेपाली महिलाहरुले भोग्दै आएको विविध खाले शोषण तथा हिंसाका साथै असुरक्षित वैदेशिक रोजगार माथिको बाध्यात्मक निर्भरतालाई न्यूनीकरण गर्दै स्वदेश भित्रै रोजगारी एवं स्वरोजगारका अवसरहरुको श्रृजना गर्ने र,
- दीगो तथा समावेशी आर्थिक विकास र आर्थिक वृद्धिका माध्यमबाट शान्तिपूर्ण एवं समृद्धशाली राष्ट्र निर्माणको उपयुक्त वातावरण श्रृजना गर्ने ।











अतः महिला उद्यमीहरुका सवालहरुको सम्बोधनका लागि नेपाल सरकार तथा अन्य सबै सरोकारवालाहरुलाई महासंघको तर्फबाट निम्न बमोजिम का सिफारिसहरु सहित सक्रिय भैदिनुहुन हार्दिक आग्रह गर्दछ-

## १. नीतिगत सुधारका लागि सिफारिसहरू :

- ✓ औद्योगिक नीति २०६७ मा व्यवस्था भए अनुसार महिला उद्यमशीलता विकास कोष अन्तरगत निश्चित रकम विना धितो सरल एवं सहजरुपमा कर्जा उपलब्ध गराउने व्यवस्थाको यथाशिघ्र कार्यान्वयन हुनु पर्दछ ।

- ✓ लगानी मैत्री वातावरणको निर्माण र प्रतिस्पर्धात्मक क्षमता विकासका लागि औद्योगिक व्यवसाय ऐन, विशेष आर्थिक क्षेत्र ऐन, कम्पनी ऐन, श्रम ऐन र विदेशी लगानी तथा प्रविधी हस्तान्तरण ऐनको पुनरावलोकन एवं समय सापेक्ष परिमार्जन गरी तत्काल कार्यान्वयनमा ल्याउनु पर्दछ ।

- ✓ सरकारको वार्षिक बजेट, क्षेत्रगत नीति तथा योजनाहरुमा लैङ्गिक मूल प्रवाहिकरण, महिला सशक्तिकरण तथा लैङ्गिक समानता कायम गर्न लैङ्गिक उत्तरदायी बजेट (Gender Responsive Budget) को अवधारणालाई प्रभावकारी ढंगमा कार्यान्वयन गर्नेतर्फ सरकार विशेष क्रियाशील हुनुपर्दछ ।

- ✓ लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंकको निर्देशनमा साना तथा मझौला उद्यमी महिलाहरुलाई वाणिज्य बैंकहरुबाट विना धितो ऋण उपलब्ध गराउने सम्बन्धी थप व्यवस्था गरिनु पर्दछ ।

- ✓ उद्योग दर्ता प्रक्रियामा सरलीकरण, उद्योग सुरु गर्नका लागि पूँजीको व्यवस्था, सरल कर्जाका लागि परामर्श सेवाको उपलब्धता हुनुपर्दछ ।

- ✓ महिलाहरुद्वारा सञ्चालित लघु, साना तथा मझौला उद्योग व्यवसायहरुको प्रवर्द्धनका लागि स्पष्ट सरकारी नीति तर्जुमा गरी कार्यान्वयन गरिनु पर्दछ ।

- ✓ नेपाली महिला उद्यमीहरुको तथ्यांक संकलन तथा अद्यावधिक गरिनु पर्दछ । महिलाहरुको आर्थिक सशक्तीकरणको विद्यमान अवस्थाबारे जानकारी तथा आवश्यक सहजीकरणको व्यवस्थाका लागि निर्यातमुखी (सेवा क्षेत्रसहित) श्रम बजारमा संलग्न महिला उद्यमीहरुको तथ्यांक संकलनका लागि विशेष प्रणालीको व्यवस्था गरिनु पर्दछ ।

## २. व्यवसाय प्रवर्द्धन र बजार विस्तारका लागि सिफारिसहरू :

- ✓ वडा, गा.वि.स. एवं नगरपालिका तहमा महिला उद्यमीहरुका लागि उपयुक्त समयमा निरक्षरलाई समेत उपयुक्त हुने विधि सहितको ज्ञान, सीप तथा प्रविधिमूलक लैङ्गिक उत्तरदायी तालिमहरु आयोजना गरिनु पर्दछ । महिला उद्यमीहरु कार्यक्रम स्थल सम्म धाउन बाध्य हुनु नपर्ने बरु उनीहरुकै घर वस्तीमा नै पुग्ने गरी कार्यक्रम निर्माण गरिनु पर्दछ ।

- ✓ महिलाहरुद्वारा उत्पादित वस्तुहरुको गुणस्तर निर्धारण एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नसक्ने तुल्याउन स्थानीय स्तरमा नै उत्पादित वस्तुहरुको गुणस्तर चेक जाँच गर्ने संयन्त्रको व्यवस्था गरिनु पर्दछ ।

- ✓ स्थानीय महिलाहरुका लागि उद्यमशीलता विकास तालिम, आवश्यक सीप, प्रविधि र पूँजीका लागि विशेष कार्यक्रम ल्याईनु पर्दछ । महिला उद्यमशीलताको विकास एवं प्रोत्साहनको लागि छुट्टै बजेटको व्यवस्था गर्नु पर्दछ ।

- ✓ महिलाहरुद्वारा संचालित उद्योग व्यवसायको संवर्द्धन तथा प्रवर्द्धनका लागि सरकारी स्तरबाट महिला उद्यमी महासंघ मार्फत् विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, कानुन, संयन्त्र, कार्यक्रम आदिबारे सम्बन्धित सबैलाई नियमित रुपमा सूचना प्रवाह/जानकारी गराईनु पर्दछ ।

- ✓ सम्पत्तिमा महिलाको समान अधिकार संस्थागत गर्न र पारिवारिक सहयोगको वातावरण निर्माणका लागि सबैको तर्फबाट सकारात्मक सहयोग हुनुपर्दछ ।

- ✓ सबै विकास क्षेत्रहरुमा उत्पादित वस्तुहरु एवं कच्चा पदार्थहरुका लागि भण्डारण, संकलन र incubation (चिस्यान) केन्द्रको व्यवस्था गरी ती केन्द्रहरुमा महिला उद्यमीहरुको सहज पहुँचको सुनिश्चितता गरिनु पर्दछ ।

- ✓ औद्योगिक क्षेत्रहरुमा महिला उद्यमीहरुका उद्योग व्यवसाय स्थापना र संचालनका लागि सहुलियतपूर्ण तथा सरल रुपमा आवश्यक जग्गा उपलब्ध गराईनु पर्दछ ।

- ✓ महिलाहरुद्वारा स्थानीय स्तरमा उत्पादित वस्तुहरुलाई विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने बनाउन निर्यात व्यवस्थापन, व्यवस्थित र वैज्ञानिक मूल्य निर्धारण सम्बन्धी नियमित परामर्श वा तालिमको उपलब्धता हुनु पर्दछ ।

- ✓ महिला उद्यमीहरुद्वारा उत्पादित वस्तुहरुलाई आफू अन्तर्गतका सबै कार्यक्रमहरुमा उपभोग हुने गरी प्रवर्द्धन गर्न र वस्तुको बजारीकरणका लागि सहजीकरणमा नेपाल सरकारका तर्फबाट नेतृत्वदायी भूमिका निर्वाह गरिनु पर्दछ ।

- ✓ वित्तीय एवं आर्थिक विकासका क्षेत्रमा कार्यरत सम्पूर्ण संघ संस्थाहरुलाई आफ्ना वार्षिक प्रगति प्रतिवेदनमा छुट्टै "लैङ्गिक मूलप्रवाहीकरण कार्यक्रम" शिर्षक राखी महिलाको आर्थिक सशक्तीकरणसँग सम्बन्धित सम्पूर्ण प्रगति विवरण सार्वजनिक गर्न अनिवार्य व्यवस्थाका लागि सरकारका तर्फबाट विशेष पहल गरिनु पर्दछ ।

- ✓ सरकारी तथा निजी क्षेत्रहरुद्वारा सञ्चालित लैङ्गिक मूलप्रवाहीकरण केन्द्रित वित्तीय एवं आर्थिक क्रियाकलापहरुको प्रगति मापन एवं उत्प्रेरणाका लागि वार्षिक अनुगमन प्रणालीको व्यवस्था गरी पुरस्कार र दण्डको व्यवस्था गरिनु पर्दछ ।

## ३. नेपाल निर्यात व्यापार नीति सम्बन्धी सिफारिसहरू :

- ✓ महिला उद्यमीहरुलाई निर्यात व्यापारसँग सम्बन्धित सम्पूर्ण जानकारीहरु उपलब्ध हुने सुनिश्चितताका लागि सरकारी संयन्त्र तथा निर्यात विशेषज्ञहरुसँगको सहकार्यमा महिला उद्यमी महासंघ मार्फत नेपालमा विद्यमान निर्यात व्यापार नीतिबारे व्यापक प्रशिक्षणहरु नियमित रुपमा सञ्चालन गरिनु पर्दछ ।